# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४४ | अंक ७ | नेपाल राष्ट्र बैंक समाचार | चैत २०७६ | मार्च-अप्रिल २०२०


## प्रधानमन्त्री ओलीद्वारा डेपुटी गभर्नर शिवाकोटीको पुस्तक विमोचन



नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीद्वारा लिखित 'मुलुक आर्थिक समृद्धिको यात्रामा' पुस्तक प्रकाशित भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले २०७६ फागुन ८ गते प्रधानमन्त्री निवास बालुवाटारमा आयोजित समारोहमा उक्त पुस्तकको विमोचन गर्नुभयो ।

सो अवसरमा प्रधानमन्त्री ओलीले मुलुकको समृद्धिको निम्ति अर्थतन्त्रमा व्यापक सुधारको आवश्यकता औंल्याउँदै नेपाल उच्च आर्थिक वृद्धिको दिशामा अग्रसर रहेको विचार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "मुलुकको अर्थतन्त्र कमजोर छ । गरिबीले जनजीवन जीर्ण बनाएको छ । त्यसैले अर्थतन्त्र सुधारको निम्ति नयाँ सोच र दुरदृष्टिका साथ अघि बढ्नुपर्ने आवश्यकता छ ।"

चीनले एक दशकमै पूर्वाधार र सामाजिक क्षेत्रको विकासमा ठूलो प्रगति गरेको सन्दर्भ उल्लेख गर्दै प्रधानमन्त्री ओलीले त्यस्तै अठोट, मिहिनेत र भिजनलाई नेपालले पनि अनुसरण गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । आर्थिक समृद्धिको निम्ति नेपालसँग पर्याप्त मात्रामा प्राकृतिक र मानवीय स्रोतसँगै जनउत्तरदायी शासन प्रणाली रहेको उहाँको धारणा थियो ।

भ्रष्टाचारविरुद्ध शुन्य सहनशीलताको नीति कार्यान्वयनमा कुनै कसर नराख्ने उल्लेख गर्दै त्यसमा आफूले कसैसँग सम्झौता नगर्ने प्रतिबद्धता प्रधानमन्त्री ओलीले व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "कसैलाई 'रुलिङ पोजिसन'मा पुऱ्याउनुको अर्थ 'लुटिङ फ्यासिलिटी' दिनु होइन । त्यसमा म स्पष्ट छु । सुशासनको निम्ति चाल्नुपर्ने कदममा म हिचकिचाउँदिन ।"

कृषि क्षेत्रमा आधुनिकीकरण गरेर कृषिमा संलग्न जनशक्तिलाई उद्योग, पर्यटन, व्यापार र सेवा क्षेत्रमा केन्द्रित गर्नुपर्ने आवश्यकता प्रधानमन्त्री ओलीले औंल्याउनुभयो । राष्ट्रिय अर्थतन्त्र सुधारको निम्ति स्वच्छ र सरल आर्थिक गतिविधि आवश्यक रहेको विचार उहाँले व्यक्त गर्नुभयो । विद्यालय तहको खुद भर्नादरमा अभिवृद्धि, विद्यालय छाड्नेदरमा सुधार, सूचना प्रविधिको विकास, विद्युतीय शासनको प्रवर्द्धन, रोजगारी सुधारले मुलुकलाई सकारात्मक दिशातर्फ अग्रसर गराएको धारणा उहाँले राख्नुभयो ।

कार्यक्रममा प्रधानमन्त्री ओलीले डेपुटी गभर्नरद्वारा लिखित 'समृद्ध नेपाल, सुखी नेपाली' गीतको लोकार्पणसमेत गर्नुभयो । सो अवसरमा उहाँले शिवाकोटीको पुस्तक र गीतको प्रशंसासमेत गर्नुभयो ।

कार्यक्रममा गभर्नर डा. चिरंजीबि नेपालले शिवाकोटीद्वारा लिखित पुस्तकले राष्ट्रिय अर्थतन्त्र र वित्तीय प्रणालीका समसामयिक विषयवस्तुलाई विश्लेषणात्मक ढङ्गले उजागर गरेको धारणा राख्नुभयो । नेपालको अर्थतन्त्र र वित्तीय प्रणालीको विषयमा रुचि राख्ने अध्येता, नीति निर्माता, बैंकर, विद्यार्थीलगायतका निम्ति

बाँकी १० पेजमा

# अर्थशास्त्र र वित्तसम्बन्धी तेस्रो अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न




नेपाल राष्ट्र बैंकको आयोजनामा 'तेस्रो अन्तर्राष्ट्रिय आर्थिक तथा वित्तसम्बन्धी सम्मेलन' २०७६ फागुन १६ र १७ गते काठमाडौंमा सम्पन्न भएको छ । अर्थमन्त्री डा. युवराज खतिवडाले सम्मेलनको उद्घाटन गर्नुभयो ।

सो अवसरमा मन्त्री खतिवडाले नेपाल समृद्धिको बाटोमा अगाडि बढिरहेको उल्लेख गर्दै रोजगारी, समानता, सामाजिक रुपान्तरण र जलवायु परिवर्तनलाई सम्बोधन गरेर मात्रै दिगो विकास सम्भव हुने धारणा राख्नुभयो । नेपालको आर्थिक वृद्धिदर सकारात्मक दिशातर्फ उन्मुख भएको जनाउँदै उहाँले आर्थिक वृद्धि र वित्तीय स्थायित्वलाई समान गतिमा लैजानुपर्ने आवश्यकतामा जोड दिनुभयो । सोसँगै वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयनको पक्ष पनि उत्तिकै महत्वपूर्ण रहेको उहाँको भनाइ थियो ।

भर्चुअल करेन्सी, गैरबैंकिङ वित्तीय क्षेत्र र छायाँ बैंकिङको प्रभावले वित्तीय क्षेत्रको स्थायित्वमा चुनौती थपेको उल्लेख गर्दै मन्त्री खतिवडाले त्यसको जोखिम व्यवस्थापनको निम्ति सजक रहनुपर्ने आवश्यकता औंल्याउनुभयो । बजारलाई असफल हुनबाट जोगाउन सरकार प्रतिबद्ध रहेको उहाँको धारणा थियो । व्यापार उदारीकरण र वैदेशिक लगानीको प्रवर्द्धनको निम्ति उक्त सम्मेलनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वाससमेत उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा गभर्नर डा. चिरंजीबि नेपालले पछिल्लो समयमा मुलुकको आर्थिक, बैंकिङ तथा वित्तीय क्षेत्रमा स्थायित्व देखिएको धारणा राख्नुभयो । पछिल्लो तीन वर्षको औसत आर्थिक वृद्धिदर ७.३ प्रतिशत रहेको, शोधनान्तर अवस्था सकारात्मक रहेको, ८.४ महिनाको वस्तु तथा सेवाको आयातलाई पुग्ने विदेशी विनिमय सञ्चिति रहेको, ब्याजदर स्थिर रहेको जानकारीसमेत उहाँले दिनुभयो । पछिल्लो समयमा बैंकहरूले कृषि, उर्जा जस्ता उत्पादनमूलक क्षेत्रमा लगानी बढाएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "यसबाट आन्तरिक उत्पादन वृद्धि भई अर्थतन्त्रको स्थायित्वमा टेवा पुग्ने अपेक्षा छ ।"

सो अवसरमा गभर्नर नेपालले रियल टाइम ग्रस सेटलमेन्ट (आरटीजीएस), सुपरभाइजरी इन्फरमेसन सिस्टम (एसआईएस) को कार्यान्वयनसँगै क्रमश: भुक्तानी प्रणाली र वित्तीय सूचनाको विश्लेषणलाई प्रभावकारी तुल्याएको जानकारी उहाँले दिनुभयो ।

कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले सम्मेलनको उद्देश्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने डेपुटी गभर्नर शिवराज श्रेष्ठले उद्घाटन सत्रमा उपस्थित महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

उद्घाटन सत्रपछि गभर्नर डा. चिरंजीबि नेपालको अध्यक्षतामा नीति संवाद सत्र सञ्चालन गरिएको थियो । उक्त सत्रमा कार्यकारी निर्देशक डा. गुणाकर भट्टले Inclusive and Sustainable Growth Agenda for Nepal विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा.रामकुमार फुयाल, आयोगका पूर्व उपाध्यक्ष डा.स्वर्णिम वाग्ले, अर्थ मन्त्रालयका सचिव एवं राष्ट्र बैंकका सञ्चालक शिशिरकुमार ढुङ्गाना, अन्तर्राष्ट्रिय मुद्रा कोषका वरिष्ठ आवासीय प्रतिनिधि डा.लेई लेई सङ, विश्व बैंकका कन्ट्री मेनेजर फरिस हदाद-जर्भोसले प्यानलिस्टको रूपमा आ-आफ्नो विचार राख्नुभएको थियो ।

सम्मेलनमा नेपालसहित संयुक्त राज्य अमेरिका, इन्डोनेशिया, भारत, बंगलादेश लगायत आठ मुलुकका कुल ७२ जना सहभागीले आर्थिक, मौद्रिक, वित्तीय, बैंकिङ विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

# मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षा


नेपाल राष्ट्र बैंकले २०७६ फागुन १९ गते आ.व.२०७६/७७ को मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षा सार्वजनिक गरेको छ। समीक्षामार्फत अधिकांश नीतिगत व्यवस्थालाई यथावत राखेर केही व्यवस्थामा संशोधन गरिएको छ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले फागुन २९ गते परिपत्र जारी गरी कतिपय संशोधनलाई एकीकृत निर्देशनमा समेत समेटेको छ। अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात र बैंक दरलाई यथावत राखिएको छ। स्वप्रयोजनका निम्ति निर्माण/खरिद गरिने पहिलो घरको लागि प्रदान गरिने कर्जामा ऋण भुक्तानी आम्दानी अनुपात अधिकतम ६० प्रतिशत कायम गरिएको छ। मौद्रिक नीतिमा यो अनुपात ५० प्रतिशत थियो।

स्वप्रयोजनका लागि निर्माण/खरिद गरिने पहिलो घर तथा रु.५० लाखदेखि दुई करोडसम्मको कृषि, पर्यटन र साना तथा मझौला पेशा/व्यवसायका निम्ति कर दाखिला कागजातको आधारमा कर्जा प्रदान/नवीकरण गर्नसक्ने व्यवस्था मिलाइएको छ। घर जग्गा व्यवसाय कम्पनीहरूले सञ्चालन गर्ने नेपाल सरकारको सम्बन्धित निकायबाट अनुमतिप्राप्त आयोजनाका लागि प्रदान गरिने कर्जाको ऋण मूल्य अनुपात महानगरपालिका, उप-महानगरपालिका र काठमाडौं महानगरपालिकासँग जोडिएका नगरपालिका क्षेत्रमा अधिकतम ५० र सोबाहेकका क्षेत्रमा ६० प्रतिशत कायम गरिएको छ।

प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह भएको कर्जालाई तीन वर्षसम्म सुक्ष्म निगरानी समूहमा कायम गर्ने व्यवस्था गरिएको छ। कोरोना भाइरस (कोभिड-१९) को विश्वव्यापी संक्रमणले असर पार्नसक्ने सम्भावित क्षेत्रहरू पहिचान गरी त्यस्ता क्षेत्रमा प्रवाह भएको कर्जामा पुनरकर्जा सुविधा र पुनर्संरचना तथा पुनर्तालिकीकरणको व्यवस्थामा आवश्यकता अनुसार पुनरावलोकन गरिने समीक्षामा जनाइएको छ।

लघुवित्त वित्तीय संस्थाले प्रदान गर्ने लाभांश (नगद वा वोनश सेयर) वितरणसम्बन्धी विद्यमान व्यवस्थामा परिमार्जन गरी वार्षिक २० प्रतिशतभन्दा बढी लाभांश वितरणको प्रस्ताव गर्ने संस्थाले २० प्रतिशतभन्दा माथिका प्रस्तावित लाभांशको २५ प्रतिशतले हुने रकम ग्राहक संरक्षण कोष र २५ प्रतिशतले हुने रकम सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ।




नेपाली नागरिक, फर्म तथा संस्थाले व्यवसाय सञ्चालन वा विस्तार गर्न राष्ट्र बैंकको पूर्वस्वीकृति लिई भारतबाट भा.रु.१० करोडसम्म र अन्य मुलुकबाट अमेरिकी डलर १० लाखसम्म कम्तीमा तीन वर्ष अवधिको लागि सहुलियतपूर्ण ब्याज वा विना ब्याजमा ऋण/सापटी लिन पाउने व्यवस्था गरिने समीक्षामा जनाइएको छ। यस्तै, बैंक तथा वित्तीय संस्थाले विदेशी संस्था तथा गैरआवासीय नेपालीबाट निक्षेप संकलन गर्नसक्ने व्यवस्थामा पुनरावलोकन गरी दायरा थप फराकिलो बनाइनेसमेत उल्लेख छ।

विकास बैंक र वित्त कम्पनीलाई पनि रियल टाइम ग्रस सेटलमेन्ट (आरटीजीएस) प्रणालीमा आबद्ध गरिनेसमेत मौद्रिक नीतिको समीक्षामा उल्लेख गरिएको छ। भुक्तानीसम्बन्धी कारोबार गर्न अनुमतिपत्रप्राप्त संस्थाले कारोबार तथा कार्डसँग सम्बन्धित संवेदनशील सूचनाको सुरक्षाको प्रत्याभूति गर्न पेमेन्ट कार्ड इन्डष्ट्री, डाटा सेक्युरिटी स्ट्याण्डर्डका प्रावधानको पालना र भुक्तानी प्रणालीको परीक्षणको नियमित अनुगमन र निगरानीको व्यवस्था मिलाइनेसमेत समीक्षामा जनाइएको छ।

नेपाल राष्ट्र बैंकले २०७६ साउन ८ गते आ.व.२०७६/७७ को मौद्रिक नीति सार्वजनिक गरेको थियो। मौद्रिक नीतिले चालू आर्थिक वर्षको मुद्रास्फीति ६.० प्रतिशतमा सीमित राख्ने लक्ष्य लिएकोमा पहिलो छ महिनाको मुद्रास्फीतिदर ६.४ प्रतिशत रहेको पाइएको छ। यस्तै समीक्षा अवधिमा निर्यात २६.१ प्रतिशतले वृद्धि र आयात ४.० प्रतिशतले घटेका कारण व्यापार घाटामा ६.१ प्रतिशतले कमी आएको छ। यो वर्ष कम्तीमा सात महिनाको वस्तु वा सेवा आयात धान्न पुग्नेगरी विदेशी विनिमय सञ्चिति कायम गर्ने लक्ष्य राखिएकोमा समीक्षा अवधिमा सञ्चित विनिमयले ८.४ महिनालाई धान्न पुग्ने देखिएको छ।

राष्ट्र बैंकले समीक्षा अवधिमा रु.१९ अर्ब ७५ करोड पुनरकर्जा लगानी गरेको छ। यस्तै, पुस मसान्तसम्ममा रु.४७ अर्ब २ करोड सहुलियतपूर्ण कर्जा प्रवाहबाट २३ हजार ९७८ ऋणी लाभान्वित भएको समीक्षामा जनाइएको छ।

पुस मसान्तसम्ममा १८५ बैंक तथा वित्तीय संस्था मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन्। यसमध्ये १४० संस्थाको इजाजत खारेज भई ४५ संस्था कायम भएका छन्। निक्षेपकर्ता र ऋणीको गुनासो व्यवस्थापनको निम्ति गठित गुनासो सुनुवाई इकाईलाई 'वित्तीय ग्राहक संरक्षण इकाई'मा रुपान्तरण गरिएको छ। वाणिज्य बैंकले वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्ने कारोबारको विवरण गत माघ १ देखि गो-एएमएल प्रणालीमार्फत रिपोर्टिङ गर्ने व्यवस्था सुरु गरिएको छ। २०७७ असार मसान्तसम्म विकास बैंक र वित्त कम्पनीलाई समेत यस प्रणालीमा आबद्ध गराउने तयारी छ।

यसैगरी प्वाइन्ट अफ सेल मेशीनमार्फत कारोबार गर्दा ग्राहकसँग अतिरिक्त शुल्क लिन नपाइने व्यवस्था समीक्षामा उल्लेख छ। साथै, वस्तु तथा सेवाको मूल्य कार्ड वा विद्युतीय माध्यमबाट भुक्तानी गर्दा बीजकमा उल्लिखित मूल्य अभिवृद्धि करको १० प्रतिशत रकम बैंक खातामा सोझै जम्मा हुने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।

# अर्थ सचिव ढुङ्गानाद्वारा प्रधानन्यायाधीश राणासमक्ष शपथ

अर्थ मन्त्रालयका सचिव शिशिरकुमार ढुङ्गानाले प्रधानन्यायाधीश चोलेन्द्रशमसेर जबरासमक्ष नेपाल राष्ट्र बैंक सञ्चालक समितिको सदस्यको रूपमा पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

२०७६ फागुन ५ गते सर्वोच्च अदालतमा आयोजित कार्यक्रममा प्रधानन्यायाधीश जबराले सचिव ढुङ्गानालाई शपथ ग्रहण गराउनुभएको हो। नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १४ मा अर्थ मन्त्रालयको सचिव राष्ट्र बैंक सञ्चालक समितिको सदस्य रहने व्यवस्था छ। सोही ऐनको दफा १०८ मा बैंकका गभर्नर र सञ्चालकले सर्वोच्च अदालतका प्रधानन्यायाधीश वा निजले तोकेको न्यायाधीशसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ।

२०५२ सालमा निजामती सेवामा प्रवेश गर्नुभएका सञ्चालक ढुङ्गाना २०७३ माघ २८ गते नेपाल सरकारको सचिवमा बढुवा हुनुभएको थियो। मन्त्रिपरिषद्ले उहाँलाई गत माघ २८ गते अर्थ मन्त्रालयको सचिवमा सरुवा गरेको थियो। भक्तपुर, चाँगुनारायणमा जन्मनुभएका ढुङ्गानाले त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापनमा स्नातकोत्तर गर्नुभएको छ।



शपथ ग्रहणका क्रममा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार नृपध्वज निरौला, गभर्नरको कार्यालयका निर्देशक गोविन्दप्रसाद नागिलालगायतका अधिकारीहरूको उपस्थिति थियो।

# अध्यक्षद्वय निरौला र गौतमद्वारा शपथ



कृषि विकास बैंक लिमिटेडका नवनिर्वाचित अध्यक्ष लक्ष्मीप्रपन्न निरौलाले गभर्नर डा. चिरंजीबि नेपालसमक्ष २०७६ फागुन २१ गते पद तथा गोपनीयताको शपथ लिनुभएको छ। शपथ ग्रहणपछि गभर्नर नेपालले अध्यक्ष निरौलालाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो।

अर्थ मन्त्रालयको फागुन ११ को निर्णय अनुसार निरौला बैंक सञ्चालक समितिको सदस्यमा नियुक्त हुनुभएको थियो। बैंक सञ्चालक समितिको फागुन २१ गते बसेको ८१० औं बैठकले निरौलालाई अध्यक्ष चयन गरेको थियो। निरौला नेपाल राष्ट्र बैंकको पूर्व कार्यकारी निर्देशक हुनुहुन्छ। उहाँको कार्यकाल चार वर्षको हुनेछ।

शपथ ग्रहण कार्यक्रममा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठ, गभर्नरको कार्यालयका निर्देशक गोविन्दप्रसाद नागिला, बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक मीना पाण्डे, कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत अनिलकुमार उपाध्यायलगायतको उपस्थिति थियो।

यसैगरी, हिमालयन बैंक लिमिटेडका नवनिर्वाचित अध्यक्ष तुलसीप्रसाद गौतमले का.मु.गभर्नर चिन्तामणि शिवाकोटीसमक्ष २०७६ फागुन १ गते पद तथा गोपनीयताको शपथ लिनुभएको छ। शपथ ग्रहणपछि का.मु.गभर्नर शिवाकोटीले अध्यक्ष गौतमलाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो। हिमालयन बैंक लिमिटेड सञ्चालक समितिको २०७६ माघ २९ गते बसेको ३८१ औं बैठकले गौतमलाई अध्यक्ष चयन गरेको थियो। गौतम कर्मचारी सञ्चय कोषको प्रशासकसमेत हुनुहुन्छ। उहाँको कार्यकाल चार वर्षको हुनेछ।

शपथ ग्रहण कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक किरण पण्डित, हिमालयन बैंक लिमिटेडका सञ्चालक फैसल एन. ललानी, प्रमुख कार्यकारी अधिकृत अशोकशमसेर जबरा लगायतको उपस्थिति थियो।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ (५) मा सञ्चालकले आफूमध्ये बहुमतबाट छानेको व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुने व्यवस्था छ। सोही ऐनको दफा १२७ मा बैंक तथा वित्तीय संस्थाका अध्यक्षले राष्ट्र बैंकसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ।



# आन्तरिक लेखापरीक्षणसम्बन्धी गोष्ठी सम्पन्न




नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभागले २०७६ फागुन २९ गते काठमाडौंमा 'आ.व.२०७५/७६ को आन्तरिक लेखापरीक्षणमा देखिएका कैफियतहरू सम्बन्धमा एक दिने समीक्षा गोष्ठी' आयोजना गऱ्यो । गभर्नर डा. चिरंजीबि नेपालको प्रमुख आतिथ्यमा विभागले उक्त गोष्ठी आयोजना गरेको हो ।

सो अवसरमा गभर्नर डा. नेपालले आन्तरिक लेखापरीक्षणलाई 'संस्थाको मुटु'को संज्ञा दिँदै यसैका आधारमा संस्थाको स्तर मापन हुने धारणा राख्नुभयो । गभर्नर डा. नेपालले भन्नुभयो, "कुनै पनि संस्थाको सबलीकरणको मापन गर्ने महत्वपूर्ण आधार भनेकै उसको आन्तरिक लेखापरीक्षण प्रतिवेदन हो ।" सोही अनुरुप बैंकको आन्तरिक लेखापरीक्षण प्रभावकारी हुनुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।

अन्तर्राष्ट्रियस्तरमा जोखिममा आधारित लेखापरीक्षण प्रभावकारी देखिएको उल्लेख गर्दै उहाँले राष्ट्र बैंकमा पनि प्रारम्भिक चरणमा पाँच वटा विभागमा जोखिममा आधारित लेखापरीक्षण सुरु गरिएको जानकारी दिनुभयो । यसलाई क्रमिक रूपमा सबै विभाग/कार्यालयमा विस्तार गरिने उहाँको भनाइ थियो ।

संस्थाको कानूनी, नीतिगत र कार्यगत व्यवस्थाको कार्यान्वयनको निम्ति आन्तरिक लेखापरीक्षणले मार्गदर्शन गर्ने उल्लेख गर्दै गभर्नर डा. नेपालले लेखापरीक्षण विभागलाई स्वायत्त र स्वतन्त्र राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले भन्नुभयो, "लेखापरीक्षण विभागलाई कहिल्यै पनि अन्य विभाग/कार्यालयको छायाँमा राख्नुहुँदैन ।"

कार्यक्रममा आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक भुबन कडेलले आ.व.२०७५/७६ को लेखापरीक्षण प्रतिवेदनले औंल्याएका मुख्य कैफियतहरू प्रस्तुत गर्नुभयो । सो क्रममा उहाँले हिसाब मिलानमा देखिएका समस्या, विभिन्न प्रकृतिका विशेष निरीक्षणका निष्कर्ष, ढुकुटी सुरक्षामा देखिएका चुनौतीहरूबारे जानकारी दिनुभयो ।

सो अवसरमा काठमाडौंस्थित विभिन्न विभाग/कार्यालय र प्रदेशस्थित कार्यालयका प्रमुख तथा बैंकसँग आबद्ध कर्मचारी युनियनका प्रतिनिधिले लेखापरीक्षणका कैफियतमाथि आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा डेपुटी गभर्नर शिबराज श्रेष्ठले बैंकको आन्तरिक लेखापरीक्षण विगतको तुलनामा धेरै सबल देखिएको बताउनुभयो । बैंकको जोखिम न्यूनीकरणको निम्ति आन्तरिक लेखापरीक्षण विभागको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै उहाँले विभागमा दक्ष जनशक्तिको आवश्यकता औंल्याउनुभयो ।

सञ्चालक समितिका सदस्य एवम् लेखापरीक्षण समितिका संयोजक डा. सुबोधकुमार कर्णले विगतको तुलनामा आन्तरिक लेखापरीक्षण प्रणालीमा सुधार गरिएको उल्लेख गर्दै त्यसको प्रभावकारिता देखिएको धारणा राख्नुभयो । सञ्चालक समितिका सदस्य रामजी रेग्मीले आन्तरिक लेखापरीक्षण विभागलाई सबल र स्वायत्त बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा लेखापरीक्षण समितिका विज्ञ सदस्य केशवप्रसाद भट्टराईको समेत उपस्थिति थियो । सो अवसरमा आन्तरिक लेखापरीक्षण विभागका निर्देशक रविन्द्र महर्जनले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक अस्मिता गोर्खालीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## डेपुटी गभर्नर श्रेष्ठद्वारा वीरगञ्ज कार्यालयको भ्रमण

डेपुटी गभर्नर शिबराज श्रेष्ठले २०७६ फागुन १ गते नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयको अवलोकन भ्रमण गर्नुभयो ।

सो अवसरमा वीरगञ्ज कार्यालयले उहाँको स्वागतमा एक कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका निर्देशक राजनविक्रम थापाले डेपुटी गभर्नर श्रेष्ठलाई स्वागत गर्दै कार्यालयबाट सम्पादन हुने प्रमुख कार्य र समस्याबारे जानकारी गराउनुभयो ।

कार्यक्रममा डेपुटी गभर्नर श्रेष्ठले अध्ययनशील रहन र दैनिक कार्यसम्पादनका अतिरिक्त अन्य विषयमा पनि ज्ञान/सीप अभिवृद्धि गर्न कर्मचारीहरूलाई प्रेरित गर्नुभयो । सो अवसरमा निर्देशक थापाले प्रभावकारी सेवा प्रवाहमार्फत कार्यालयको उच्च छवि कायम गर्न प्रयत्नशील रहने प्रतिबद्धता जनाउनुभएको थियो ।

# रुपन्देही र नुवाकोटमा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम




नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयले रुपन्देहीको तिलोत्तमा-२ स्थित शंकरनगर दुर्गादत्त माध्यमिक विद्यालयमा २०७६ फागुन ८ गते 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम आयोजना गऱ्यो। गभर्नर डा. चिरंजीबि नेपालको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम आयोजना गरिएको हो।

सो अवसरमा गभर्नर डा. नेपालले वित्तीय साक्षरताको महत्वबारे चर्चा गर्दै आफूले हासिल गरेका वित्तीय चेतनासम्बन्धी ज्ञानलाई अभिभावकसम्म पुऱ्याउन विद्यार्थीहरूलाई आग्रह गर्नुभयो। साथै उहाँले पैसा र बचतको महत्वबारे उल्लेख गर्दै पैसाको सुदुपयोग गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो।

विद्यार्थीमा प्राथमिक तहदेखि नै वित्तीय प्रणालीको आधारभूत ज्ञान दिलाउनुपर्ने आवश्यकतामा गभर्नर डा. नेपालले औंल्याउनु भयो। कार्यक्रममा उहाँले विद्यालयलाई १०-१० थान 'वित्तीय चेतना सन्दर्भ पुस्तक' र 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' पुस्तक हस्तान्तरण गर्नुभएको थियो।

कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशक सुशिल ज्ञवालीले वित्तीय प्रणालीका आधार भूत जानकारी /विषयवस्तुबारे वार्ता प्रस्तुत गर्नुभयो। सो अवसरमा उहाँले वित्तीय प्रणालीको आधारभूत परिचय, बचत/कर्जाको जानकारी, सफा नोट नीति लगायतको बारेमा चर्चा गर्नुभयो। कक्षा ८-१० का विद्यार्थीहरूको सहभागिता रहेको उक्त कार्यक्रममा वित्तीय चेतनासम्बन्धी हाँस्य व्यङ्गात्मक टेलिफिल्म र सफा नोट नीतिको महत्व दर्शाउने श्रब्यदृष्य सामग्री समेत प्रदर्शन गरिएको थियो।

सो अवसरमा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयका निर्देशक राजेन्द्र भट्टराईले प्रदेश नं. ५ मा वित्तीय पहुँचको अवस्था, बैंक तथा वित्तीय संस्थाको कार्यगत विवरण, विद्यार्थीले जान्नुपर्ने वित्तीय चेतनाका विषयवस्तुको बारेमा जानकारी दिनुभयो। कार्यक्रममा विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद पन्थीले कार्यक्रम फलदायी र उपयोगी रहेको चर्चा गर्नुभएको थियो।

यसैगरी, नुवाकोटको पञ्चकन्या-५ स्थित कुण्डला माध्यमिक विद्यालयले २०७६ फागुन १६ गते 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम' आयोजना गऱ्यो। नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयको सहकार्यमा आयोजित कार्यक्रममा कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरू, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको सहभागिता थियो।

उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक, गभर्नर कार्यालयका सहायक निर्देशक विष्णुदत्त पाण्डेयले नेपालको वित्तीय प्रणाली, बचत, लगानी, कर्जाको सदुपयोग, सफा नोट नीति, सहुलियतपूर्ण कर्जालगायतका विषयमा जानकारी दिनुभयो।

सो अवसरमा विद्यालयका प्रधानाध्यापक शम्भु यादवले यस खालको कार्यक्रमबाट बचत, कर्जा, आधुनिक बैंकिङ सेवा सुविधा, सहुलियतपूर्ण कर्जा तथा सफा नोट नीतिलगायतका विषयमा जानकारी प्राप्त हुने भएकोले यस किसिमका कार्यक्रमहरू विद्यार्थीको निम्ति उपयोगी हुने विचार व्यक्त गर्नुभएको थियो।

# सुन निक्षेपसम्बन्धी नीतिगत व्यवस्था

नेपाल राष्ट्र बैंकले सुनलाई निक्षेपको रूपमा जम्मा गर्ने व्यवस्था मिलाउन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७६ फागुन २२ गते जारी गरेको परिपत्र अनुसार, एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन २१/०७६ मा बुँदा नं. ४८ थप गरी सुन निक्षेपसम्बन्धी निर्देशन दिएको हो।

उक्त निर्देशन अनुसार, 'क' वर्गका वाणिज्य बैंकले नेपाली नागरिकसँग रहेको सुनलाई निक्षेपको रूपमा स्वीकार गर्न सक्नेछन्। त्यसको निम्ति वाणिज्य बैंकले सुन निक्षेप लिने सम्बन्धमा नीति तथा विस्तृत कार्यविधि बनाई लागू गर्नुपर्नेछ। कार्यविधि जारी गरेको सात दिनभित्र यसको जानकारी राष्ट्र बैंकलाई दिनुपर्नेछ। निक्षेपकर्ताबाट प्राप्त हुने सुनको शुद्धता र तौलको जाँच गर्ने संयन्त्र तयार गरी कम्पनीमा ९९५ फिटनेसको सुन मात्रै स्वीकार गर्नुपर्ने निर्देशनमा उल्लेख छ।

न्यूनतम २५ ग्राम परिमाण सुनलाई निक्षेपको रूपमा स्वीकार गर्न राष्ट्र बैंकले निर्देशन दिएको छ। निक्षेपवापत प्राप्त सुनलाई तोकिएको शाखामा शुद्धता र तौल यकिन गरी निक्षेपकर्तालाई प्रमाणपत्र दिनुपर्नेछ। प्रमाणपत्रमा सुनको साँवा परिमाण, सुनको शुद्धता, निक्षेपको ब्याजदर, निक्षेपको अवधिलगायतका विषय खुलाउनुपर्नेछ। यस क्रममा ग्राहकलाई निक्षेपको रूपमा राखिएको सुनको साँवा वा ब्याज सुनमै फिर्ता लिने वा नगदमा लिने भन्ने यकिन गराउनुपर्नेछ। सुन निक्षेपको अवधि तीनदेखि पाँच वर्षको हुनुपर्नेछ। यस्तो सुन निक्षेपलाई नवीकरण गर्न सकिनेछ।

राष्ट्र बैंकको निर्देशन अनुसार, सुन निक्षेपको ब्याजदर वाणिज्य बैंकले निर्धारण गर्न सक्नेछन्। नगदमा ब्याज लिने ग्राहकलाई त्रैमासिक रूपमा ब्याज रकम भुक्तानी गर्नुपर्नेछ भने सुनमा ब्याज लिन चाहने ग्राहकलाई त्रैमासिक रूपमा चक्रीय ब्याज गणना गरी निक्षेप अवधिपश्चात् सुनमा भुक्तानी दिनुपर्नेछ। निक्षेप सुन स्वीकार र भुक्तानी गर्दा सुन चाँदी व्यवसायी महासंघले तोकेअनुसारको बजार मूल्यबमोजिम मूल्याङ्कन गर्नुपर्नेछ।

निक्षेपको रूपमा ढुकुटीमा रहेको सुनलाई अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपातमा गणना गर्न सकिने व्यवस्था गरिएको छ। तर, अनिवार्य नगद मौज्दातको २५ प्रतिशतसम्म मात्रै सुन निक्षेपलाई गणना गर्न सकिनेछ। यस्तै, रु.१० लाख वा सोभन्दा बढी सुन निक्षेपको अनिवार्य रूपमा स्रोत खुलाउनसमेत राष्ट्र बैंकले निर्देशन दिएको छ। निक्षेप राखिएको सुनको ७० प्रतिशतसम्म कर्जा प्रदान गर्न सकिने निर्देशनमा जनाइएको छ।

# वीरगञ्जमा सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुशिक्षण कार्यक्रम



नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयले २०७६ फागुन २ गते वीरगञ्जमा सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी सचेतना तथा FIU IT Software System (goAML) को कार्यान्वयनसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

डेपुटी गभर्नर शिबराज श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा वीरगञ्जस्थित बैंक तथा वित्तीय संस्थाका प्रमुख तथा विभिन्न सूचक संस्थाका प्रतिनीधिहरूको सहभागिता थियो । सो अवसरमा डेपुटी गभर्नर श्रेष्ठले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणको महत्वबारे प्रकाश पार्नुभयो । सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी मामिला अन्तर्राष्ट्रिय चासोको विषय रहेको उल्लेख गर्दै उहाँले स्वस्थ र सुरक्षित वित्तीय प्रणालीको विकासका लागि goAML Software को प्रभावकारी कार्यान्वयनको आवश्यकतामा जोड दिनुभयो । सो अवसरमा डेपुटी गभर्नर श्रेष्ठले सहभागीले राखेका जिज्ञासालाई समेत सम्बोधन गर्नुभएको थियो ।

कार्यक्रममा वीरगञ्ज कार्यालयका निर्देशक राजनविक्रम थापाले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण र वित्तीय जानकारी इकाईका उप-निर्देशक कृष्णराम धुँजुले goAML Software System को कार्यान्वयनको विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा निर्देशक थापाले यस्तो अन्तरक्रियाबाट बैंक तथा वित्तीय संस्था र विभिन्न सूचक संस्थाबीच विद्यमान समस्या र दुविधा हटाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले सम्पत्ति शुद्धीकरण तथा ग्राहक पहिचानसम्बन्धी व्यवस्थाको कार्यान्वयनको सन्दर्भमा सरोकारवालाहरूवीच समन्वय नरहेको, बैंकका कर्मचारीको बुझाइमा एकरुपता नरहेको, वास्तविक कारोबारसमेत शंकास्पद कारोबारको दायरामा तानिनसक्ने डर देखिएको, ग्राहकको सूचना अनधिकृत प्रयोग हुनसक्ने सम्भावना देखिएको जस्ता विषयहरू उठाएका थिए ।

सो अवसरमा उद्योग वाणिज्य संघका द्वितीय उपाध्यक्ष अनिलकुमार अग्रवालले ग्राहक पहिचानसम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्न उद्योग क्षेत्र सधैं तत्पर रहेको उल्लेख गर्दै यसमा देखिएका अन्योल र अस्पष्टता हटाइ ग्राहक पहिचानलाई सरल बनाउन सुझाव दिनुभयो ।

कार्यक्रममा वीरगञ्ज कार्यालयका उप-निर्देशक केशवप्रसाद रिमालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक प्रतिभा थापाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# गभर्नरको कार्यालयद्वारा ज्ञान आदानप्रदान कार्यक्रम



नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयले २०७६ फागुन २७ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । आ.व. २०७६/७७ को कार्ययोजनाअन्तर्गत पाचौं पटक ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गरिएको हो ।

सो अवसरमा वित्त कम्पनी सुपरिवेक्षण विभागका का.मु.कार्यकारी निर्देशक रामु पौडेलले "Third Round of Mutual Evaluation of Nepal: Role of Financial Sector in Compliance with FATF Recommendations" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सो क्रममा उहाँले सम्पत्ति शुद्धीकरणको परिचय, सोसम्बन्धी विश्वव्यापी प्रवृत्ति, AML/CFT र ग्राहक पहिचानको सान्दर्भिकताबारे चर्चा गर्नुभयो ।

साथै, उहाँले AML/CFT को सम्बन्धमा Financial Action Taskforce (FATF) ले गरेको सिफारिस, यसको कार्यान्वयनको निम्ति नेपालले अवलम्बन गरेको कानूनी र नीतिगत व्यवस्था, सोसम्बन्धी जोखिम, पारस्परिक मूल्याङ्कनको प्रक्रिया, विगतमा भएका नेपालको पारस्परिक मूल्याङ्कनको नतिजा र आगामी मूल्याङ्कनलगायतका विषयमा समेत उहाँले जानकारी दिनुभयो । सो अवसरमा का.मु.कार्यकारी निर्देशक पौडेलले सहभागीद्वारा राखिएका जिज्ञासाको जवाफसमेत दिनुभएको थियो ।

कार्यक्रममा विभिन्न विभाग/कार्यालयका प्रतिनिधिहरूको सहभागिता थियो । सो अवसरमा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा.नेफिल मातङ्गि मास्केले धन्यवाद ज्ञापनसहित कार्यक्रम समापन गर्नुभयो भने उप-निर्देशक शिवप्रसाद घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# नेपालगञ्जमा आर्थिक तथा बैंकिङ गतिविधिसम्बन्धी अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयले २०७६ फागुन १६ गते नेपालगञ्जमा 'समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि' सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालको प्रमुख आतिथ्य र नेपालगञ्ज कार्यालयका निर्देशक मुक्तिनाथ सापकोटाको सभापतित्वमा उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रदेश/शाखा प्रमुख, उद्योग वाणिज्य संघका प्रतिनिधि, सरकारी कार्यालयका प्रतिनिधिलगायतको सहभागिता थियो ।



कार्यक्रममा कार्यकारी निर्देशक ढकालले समसामयिक आर्थिक तथा बैंकिङ गतिविधिसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा आर्थिक तथा बैंकिङ प्रणालीका विद्यमान अवस्था र चुनौतीको बारेमा सहभागीहरूबीच छलफलसमेत भयो । सो अवसरमा कार्यकारी निर्देशक ढकालले सहभागीका जिज्ञासाको जवाफसमेत दिनुभएको थियो ।

कार्यक्रममा नेपालगञ्ज कार्यालयका उप-निर्देशक माधवप्रसाद पोखरेलले स्वागत मन्तव्य राख्नुभयो भने अर्का उप-निर्देशक डा. कीर्तिविक्रम दाहालले सहभागीलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । प्रधान सहायक आस्था सुवेदीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# पोखरामा विद्युतीय भुक्तानी प्रणालीसम्बन्धी अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयले २०७६ फागुन २३ गते कार्यालयको सभाकक्षमा 'विद्युतीय भुक्तानी प्रणालीसम्बन्धी सचेतना' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । भुक्तानी प्रणाली विभागको समन्वयमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा पोखरा कार्यालयका उप-निर्देशक आशबहादुर थापाले विद्युतीय माध्यमबाट हुने भुक्तानी प्रणालीको आवश्यकता तथा महत्वका बारेमा चर्चा गर्दै कार्यक्रमको औचित्य र उपादेयतासहित स्वागत मन्तव्य व्यक्त गर्नुभयो ।

सो अवसरमा भुक्तानी प्रणाली विभागका निर्देशक शुभाषचन्द्र घिमिरेले विद्युतीय भुक्तानी प्रणालीका विभिन्न उपकरण, भुक्तानी प्रणालीमा भएका पछिल्ला विकासक्रमलगायत नेपाल राष्ट्र बैंकले तर्जुमा गरेका भुक्तानी प्रणालीसम्बन्धी नीतिगत व्यवस्थाका बारेमा विस्तृत चर्चा गर्नुभयो । साथै उहाँले सहभागीका जिज्ञासाको जवाफसमेत दिनुभयो ।

कार्यक्रमका पोखरा कार्यालयका निर्देशक डा. डिल्लीराम पोखेलले सर्वसाधारणलाई विद्युतीय भुक्तानी प्रणालीका बारेमा चेतना अभिवृद्धि गराउन तथा सम्भावित जोखिम न्यूनीकरण गर्न भुक्तानी सेवाप्रदायक क्षेत्रका सबै व्यक्तिहरू जानकार हुनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा बैंक तथा वित्तीय संस्था र विद्युतीय भुक्तानी प्रणाली सेवा प्रदायक संस्थाका प्रतिनिधि तथा पोखरा कार्यालयका कर्मचारीसहित ७८ जनाको सहभागिता थियो । कार्यालयका सहायक निर्देशक ऋषिराम ढकालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# जनकपुर कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम

नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयले फागुन १५ गते कार्यालयको सभाकक्षमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा कार्यालयका सहायक मनोहर थापाले "Corona Outbreak: Economic Impact on Global Context" विषयमा वार्ता प्रस्तुत गर्नुभयो । सो अवसरमा सहायक थापाले चीनबाट सुरु भएको कोरोना भाइरसका कारण विश्व अर्थतन्त्रमा पर्नसक्ने प्रभावका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कोरोना संक्रमणका कारण नेपालको पर्यटन क्षेत्र, व्यापार, रेमिट्यान्सलगायतमा परेको असरका विषयमा पनि उहाँले चर्चा गर्नुभयो । कार्यक्रममा कार्यालयका ३३ जना कर्मचारीको सहभागिता थियो ।

सो अवसरमा कार्यालयका निर्देशक हिमप्रसाद न्यौपाने र उप-निर्देशक डा. सञ्जयप्रसाद मिश्रले सहभागीद्वारा राखिएका जिज्ञासाको जवाफ दिनुभएको थियो । का.मु.सहायक निर्देशक गंगेशकुमार झा र सहायक प्रेमबहादुर रसाईलीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# बैंकर्स प्रशिक्षण केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न



नेपाल राष्ट्र बैंक, बैंकर्स प्रशिक्षण केन्द्रले २०७६ फागुन महिनामा बैंकका कर्मचारीका निम्ति विभिन्न तीन वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ ।

यस क्रममा केन्द्रले फागुन ४-७ गते 'Planning, Budgeting, Risk Management & BCP' विषयक अधिकृतस्तरीय तालिम आयोजना गऱ्यो । थापाथलीस्थित केन्द्रको हलमा आयोजित तालिममा विभिन्न विभाग कार्यालयका २९ जना कर्मचारीको सहभागिता थियो । उक्त तालिममा बजेट/कार्ययोजनाको तर्जुमा, मूल्याङ्कन, रणनीतिक योजनाको अवधारणा, वित्तीय क्षेत्र विकास, जोखिम व्यवस्थापन, व्यवसाय निरन्तरता योजना, नेतृत्व लगायतका विषयमा प्रशिक्षण दिइएको थियो ।

यसैगरी, केन्द्रले फागुन २१-२३ गते वीरगञ्जमा 'Cash Management' विषयक अधिकृत तथा सहायकस्तरीय तालिम आयोजना गऱ्यो । ३० जना कर्मचारीको सहभागिता रहेको उक्त तालिममा राष्ट्र बैंकको नगद व्यवस्थापन, बैंकिङ कारोबार, जाली नोट पहिचान, नोटकोष व्यवस्थापन र फण्ड ट्रान्सफर लगायतका विषयमा प्रशिक्षण दिइएको थियो ।

केन्द्रले फागुन २७-३० गते काठमाडौंमा 'Financial Stability & Macro Prudential Policies' विषयक अधिकृतस्तरीय तालिम सञ्चालन गऱ्यो । २९ जनाको सहभागिता रहेको उक्त तालिममा विवेकशील तथा समष्टिगत आर्थिक नीतिको अवधारणा, वित्तीय स्थायित्वमा बैंकिङ तथा गैरबैंकिङ वित्तीय संस्थाको भूमिका, प्रणालीगत जोखिम, नेपालमा समष्टिगत विवेकशील नीतिको अभ्यास, दवाब परीक्षण, बासेल-३ को प्रयोगलगायतका विषयमा प्रशिक्षण दिइएको थियो ।

# रोल्पाको लिबाङमा तथ्याङ्कसम्बन्धी गोष्ठी

नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले २०७६ फागुन २ गते रोल्पाको लिबाङमा 'आर्थिक तथा वित्तीय तथ्याङ्कको महत्व, उपादेयता तथा तथ्याङ्क संकलनका समस्याहरू' विषयक एक दिने गोष्ठी आयोजना गऱ्यो ।




सिद्धार्थनगर कार्यालयका निर्देशक राजेन्द्र भट्टराईको अध्यक्षतामा आयोजित कार्यक्रममा रोल्पा र प्युठानस्थित सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रममा निर्देशक भट्टराईले अर्थतन्त्रका विभिन्न क्षेत्रको विश्लेषणको निम्ति समयमै विश्वसनीय र भरपर्दो तथ्याङ्क उपलब्ध गराउन सरोकारवाला निकायका प्रतिनिधिहरुसँग आग्रह गर्नुभयो । सरोकारवाला निकायबाट प्राप्त हुने तथ्याङ्ककै आधारमा वित्तीय र मौद्रिक स्थितिको विश्लेषण गरी मौद्रिक नीति तर्जुमा गरिने र सरकारलाई समेत सोसम्बन्धी सुझाव दिइने भएकाले तथ्याङ्कको सान्दर्भिकता महत्वपूर्ण रहेको विचार उहाँले व्यक्त गर्नुभयो । सो अवसरमा उहाँले प्रदेश नं. ५ को जिल्लागत आर्थिक तथा वित्तीय सूचकको बारेमा जानकारी दिनुभयो ।

कार्यक्रममा कोष तथा लेखा नियन्त्रकको कार्यालय, रोल्पाका प्रमुख कोष नियन्त्रक मातृका भट्टराईले राष्ट्र बैंकबाट हुने तथ्याङ्क संकलनको महत्वबारे चर्चा गर्दै यस्ता तथ्याङ्कहरू समयमै उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो । सो अवसरमा रोल्पा उद्योग वाणिज्य संघका अध्यक्ष विश्वकुमार चन्दले सरकारी र निजी क्षेत्रको सम्बन्धका बारेमा चर्चा गर्नुभयो ।

सिद्धार्थनगर कार्यालयका उप-निर्देशक विवेक कोइरालाले कार्यक्रमको उद्देश्य र महत्वमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक रमेशकुमार न्यौपानेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# वैदेशिक तालिम/सेमिनारमा सहभागिता

बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक मुकुन्दकुमार क्षेत्री Bank Indonesia ले २०२० फेब्रुअरी २४-२८ मा इण्डोनेशियाको बालीमा आयोजना गरेको Current Issues on Technological Risk Management in Financial System विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा सूचना प्रविधि विभागका उप-निर्देशक अजित रेग्मी पनि सहभागी हुनुहुन्थ्यो । लघुवित्त प्रवर्द्धन विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ International Finance Corporation (IFC) द्वारा २०२० फेब्रुअरी २४-२८ मा मलेशियाको क्वालालम्पुरमा आयोजित Harnessing Digital Financial Services for Micro, Small and Medium Enterprises - Challenges and Opportunities विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

जनशक्ति व्यवस्थापन विभागका का.मु. कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरे BNM-AFI द्वारा २०२० फेब्रुअरी १७-२० मा मलेशियाको क्वालालम्पुरमा आयोजित BNM-AFI Member Training on Cyber Security for Financial Inclusion विषयक कार्यक्रममा सहभागी हुनुभयो । लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक शैलेन्द्र रेग्मी पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो । विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक बिमलराज खनाल IBFI, Banque De France द्वारा २०२० फेब्रुअरी २४-२७ मा फ्रान्सको पेरिसमा आयोजित Financial Risk Management in a Central Bank विषयक कार्यक्रममा सहभागी हुनुभयो। वित्तीय जानकारी इकाईका निर्देशक दिर्घबहादुर रावल Financial Action Taskforce (FATF) द्वारा २०२० फेब्रुअरी १६-२१ मा फ्रान्सको पेरिसमा आयोजित FATF Plenary Week विषयक कार्यक्रममा सहभागी हुनुभयो। कानून महाशाखाका का.मु. निर्देशक डिल्लीराम न्यौपाने Banque De France द्वारा २०२० मार्च २-६ मा फ्रान्सको पेरिसमा आयोजित Legal Exports and Financial Crisis विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

यसैगरी, अनुसन्धान विभागका उप-निर्देशक सुबास आचार्य IMF SARTTAC ले २०२० फेब्रुअरी २४-२८ मा भारतको नयाँ दिल्लीमा आयोजना गरेको SA 20.03: Inclusive Growth विषयक कार्यक्रममा सहभागी हुनुभयो। अनुसन्धान विभागका उप-निर्देशक बिन्ती श्रेष्ठ, बैंक तथा वित्तीय बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशकद्वय पृथु शर्मा बिनाडी र महेशकुमार जोशी तथा गभर्नरको कार्यालयका सहायक निर्देशक अमिश ढुङ्गेल समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

विराटनगर कार्यालयका उप-निर्देशक ईश्वरकुमार कटुवाल National Institute of Banking & Finance State Bank of Pakistan ले २०२० मार्च ९-२७ मा पाकिस्तानको इस्लामावादमा आयोजना गरेको 47th International Commercial Banking Course विषयक कार्यक्रममा सहभागी हुनुभयो । अनुसन्धान विभागका सहायक निर्देशक राजनप्रसाद रेग्मी DEUTSCHE BUNDESBANK द्वारा २०२० फेब्रुअरी १७-२१ मा जर्मनीको फ्राङ्कफर्टमा आयोजित Introduction to Financial Stability, Systemic Risk and Macro prudential Policy विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंकिङ कार्यालयका सहायक निर्देशक अर्जुन सुवेदी DEUTSCHE BUNDESBANK ले २०२० मार्च २-६ मा जर्मनीको म्युनिखमा आयोजना गरेको Course Level 1, Introduction to Cash Management विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

## प्रधानमन्त्री ओलीद्वारा ....

उक्त पुस्तक महत्वपूर्ण सन्दर्भ सामग्रीको रूपमा स्थापित हुने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

सो अवसरमा वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी र नेपाल राष्ट्र बैंकका प्रथम गभर्नर हिमालय शमसेर जबराले पुस्तक र गीतको चर्चा गर्दै शुभकामना मन्तव्य राख्नुभयो । कार्यक्रममा नेपाल बैंकर्स एसोसिएनका अध्यक्ष भुवनकुमार दाहाल र आर्थिक पत्रकार गोकर्ण अवस्थीले पुस्तकमाथि टिप्पणी गर्नुभएको थियो ।

डेपुटी गभर्नर शिवाकोटीद्वारा लिखित पुस्तक 'समृद्ध नेपाल, सुखी नेपाली'मा मुलुकको अर्थतन्त्र र वित्तीय प्रणालीमा केन्द्रित रहेर २०५० जेठदेखि २०७६ मंसिरसम्म प्रकाशित आलेखहरू संग्रहित छन्। पछिल्लो समयमा ज्वलन्त विषयका रूपमा देखिएका वित्तीय साक्षरता, वित्तीय पहुँच र समावेशीकरणका सामयिक बहसलाई पुस्तकमा समेटिएको छ । वित्तीय प्रणालीको निम्ति चुनौतीपूर्ण मुद्दाको रूपमा अगाडि आएको सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणको निम्ति अवलम्बन भएका नीतिगत/कार्यगत प्रयासलाई पुस्तकले समेटेको छ ।

यसैगरी, सार्वजनिक वित्त, धितोपत्र बजार, वित्तीय प्रणालीको सुपरिवेक्षण, लघुवित्त सेवा, सहकारी क्षेत्र, विदेशी विनिमय सञ्चितिको समग्र अवस्थालाई समेत प्रस्तुत पुस्तकले चित्रण गरेको छ ।

## अनिवार्य अवकाश

मुद्रा व्यवस्थापन विभागका निर्देशक पिताम्बर सापकोटाले २०७६ फागुन १ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ । नेपालगञ्ज कार्यालयका उप-निर्देशक किरणकुमार श्रेष्ठ र धनगढी कार्यालयका उप-निर्देशक खडकबहादुर चौधरीले पनि अवकाश प्राप्त गर्नुभएको छ । यस्तै, विराटनगर कार्यालयका कार्यालय सहयोगी (चतुर्थ) माइली तामाङ पनि अवकाश हुनुभएको छ ।

# रणनीतिक योजना, कार्ययोजना र बजेटको समीक्षा गोष्ठी सम्पन्न




नेपाल राष्ट्र बैंक, संस्थागत योजना विभागले 'तेस्रो रणनीति योजना (२०१७-२०२१), आ.व.२०७६/७७ को वार्षिक कार्ययोजना र बजेटको अर्धवार्षिक समीक्षा गोष्ठी' २०७६ फागुन २८ गते काठमाडौंमा सम्पन्न गरेको छ । गभर्नर डा. चिरंजीबि नेपालको प्रमुख आतिथ्यमा विभागले उक्त समीक्षा गोष्ठी सम्पन्न गरेको हो ।

सो अवसरमा गभर्नर डा. नेपालले उपलब्ध स्रोत साधनको सही ढङ्गले व्यवस्थापन गरेर बैंकका लक्षित नीति तथा योजनाको कार्यान्वयन गरिनुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले भन्नुभयो, "स्रोत साधनको समुचित परिचालनबाट मात्रै निर्दिष्ट योजनाको कार्यान्वियन प्रभावकारी हुन्छ ।"

साथै, केन्द्रीय बैंकको स्वायत्ततामा जोड दिँदै गभर्नर डा. नेपालले बैंकको कामकारवाहीलाई आधुनिकीकरण गर्दै जानुपर्ने आवश्यकतामा जोड दिनुभयो । पुराना कर्मचारीको अवकाशसँगै बैंकको संस्थागत स्मृती र अभिलेख व्यवस्थापनलाई प्रभावकारी तुल्याउन समेत उहाँले निर्देशन दिनुभयो ।

कारोना भाइरस (कोभिड-१९) को विश्वव्यापी असरले नेपालको अर्थतन्त्र पनि प्रभावित हुनसक्ने संकेत गर्दै गभर्नर नेपालले संवेदनशील भएर काम गर्न बैंकका विभागीय प्रमुखहरूलाई निर्देशन दिनुभयो । उहाँले भन्नुभयो, "कोरोनाको प्रभावले अर्थतन्त्रलाई नराम्रोसँग असर पार्ने सम्भावना देखिँदैछ । यो अवस्थामा सबैले राष्ट्र बैंकप्रति आड, भरोसा राखेका छन् । त्यसैले हामीले विशेष जिम्मेवारीका साथ कार्यसम्पादन गर्नुपर्ने आवश्यकता छ ।"

उद्घाटन सत्रपछि गोष्ठीको व्यावसायिक सत्र सुरु भएको थियो । डेपुटी गभर्नर शिवराज श्रेष्ठले व्यावसायिक सत्रको अध्यक्षता गर्नुभयो । सो अवसरमा संस्थागत योजना विभागका का.मु.कार्यकारी निर्देशक रामबहादुर मानन्धरले बैंकको तेस्रो रणनीतिक योजना, आ.व.२०७६/७७ को वार्षिक कार्ययोजना र बजेटको अर्धवार्षिक समीक्षासम्बन्धी प्रतिवेदन पेश गर्नुभयो ।

उक्त प्रतिवेदनमा आ.व.२०७६/७७ को बजेटको अनुमानित र यथार्थ आयको स्थिति, चालू तथा पुँजीगत खर्चको स्थिति, बजेटको कार्यान्वयनमा देखिएका समस्या, कार्ययोजनाका सम्बन्धमा विभिन्न विभाग/कार्यालयका कार्यसम्पादनस्तर तथा रणनीतिक योजना कार्यान्वयनको अवस्थालाई समेटिएको थियो । सो अवसरमा का.मु.कार्यकारी निर्देशक मानन्धरले संस्थागत योजना विभागको पूर्व स्वीकृति नलिईकन र बजेटको सीमा नाघेर खर्च गर्ने प्रवृत्ति देखिएको उल्लेख गर्दै त्यसमा सुधार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा काठमाडौंस्थित विभिन्न विभाग/कार्यालय र प्रदेशस्थित कार्यालयका प्रमुखहरूले आ-आफ्नो कार्यालयसँग सम्बन्धित वार्षिक कार्ययोजना र बजेटको प्रगति, समस्या र सुझावहरू प्रस्तुत गर्नुभएको थियो । अधिकांश विभाग/कार्यालयका प्रमुखबाट अधिकृतस्तरका जनशक्ति अभाव रहेको गुनासो समेत प्रस्तुत भएको थियो । साथै, राष्ट्र बैंकसँग सम्बद्ध तीन वटा कर्मचारी युनियनका अध्यक्षहरूले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, सञ्चालक समितिका सदस्य रामजी रेग्मीले वार्षिक कार्ययोजना र बजेटको कार्यान्वयनका सम्बन्धमा प्राप्त सुझावलाई अध्ययन गर्दै कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

सो अवसरमा संस्थागत योजना विभागबाट गत माघ ८ गते अवकाशप्राप्त कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठलाई विदाई गरिएको थियो । सो क्रममा गभर्नर डा. चिरंजीबि नेपालले श्रेष्ठलाई मायाको चिनो प्रदान गर्नुभयो ।

कार्यक्रममा विभागका निर्देशक लक्ष्मीप्रसाद प्रसाईले स्वागत मन्तव्य राख्दै गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने का.मु. निर्देशक आर्या जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

प्रकाशक
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext .: १३९/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

;Dkfbs
शिवप्रसाद घिमिरे

सम्पादन सहयोगी
विष्णुदत्त पाण्डेय
लालकुमार सुवेदी
नवीना ताम्राकार